# लुम्बिनी प्रदेश बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेका विधयेक, २०८१

प्रमाणीकरण मितिः
प्रकाशन मितिः

## बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** विभिन्न बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन, परीक्षण तथा नियमन गरी नविनतम प्रविधिको प्रयोग गर्दै गुणस्तरयुक्त बीउ बिजन सुव्यवस्थित रूपले उपलब्ध गराई कृषकको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " लुम्बिनी प्रदेश बीउ बिजन ऐन, २०८१" रहेको छ।
(२) यो ऐन तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल (स्पेसिज्) तथा उपजातमूल (सब्स्पेसिज्) सम्झनु पर्छ।

(ख) "कृषि कार्य" भन्नाले बाली वा बीउ उत्पादन, संकलन, भण्डारण र प्रशोधन गर्ने कार्य सम्झनुपर्छ ।

(ग) "केन्द्र" भन्नाले दफा ७ बमोजिम स्थापना भएको प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र भन्ने सम्झनु पर्छ।

(घ) "जात (भेराईटी)" भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणी भित्र पर्ने समान आनुवंशिक लक्षणहरु देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरुत्पादन (प्रोपागेसन) हुँदा लक्षणहरु परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रजनक (ब्रीडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन वा विकास वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ ।

(छ) "प्रयोगशाला" भन्नाले दफा ९ बमोजिम स्थापना भएका बीउ बिजन परीक्षण प्रयोगशाला सम्झनु पर्छ।

(ज) "बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक" भन्नाले दफा २४ बमोजिम नियुक्त भएको बाली निरीक्षक सम्झनु पर्दछ।

(ज) "बाली" भन्नाले खाद्यान्न, तरकारी, दलहन, तेलहन, औद्योगिक, नगदेबाली, फलफूल, घाँसबाली तथा फुल फूल्ने वा नफूल्ने आलंकारिक बाली जस्ता बाली सम्झनुपर्छ।

(झ) बीउ बिजन" भन्नाले भ्रौण बिरूवा (इब्रोयोनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व ओभ्युल (म्याच्योर्ड ओभ्युल) वा यौनिक वा वानस्पतिक

तरिकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउबिजन वा बीज सम्झनु पर्छ।

(ञ) “भाँडो (कन्टेनर)” भन्नाले बाकस, टिनको बट्टा, प्लाष्टिक÷काठको बट्टा, शिशी, थैली, बोरा, भकारी, ब्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

(ट) “मन्त्रालय” भन्नाले लुम्बिनी प्रदेशमा रहेको कृषि सम्बन्धी बिषय हेर्ने मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ठ) “सङ्केतपत्र” भन्नाले भाँडोमा देखिने गरी राखिएको वा लेखिएका बीउ बिजन सम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ।

(ड) “सचिवालय” भन्नाले प्रदेश बीउ बिजन समितिको सचिवालय भन्ने सम्झनु पर्छ।

(ढ) “समिति” भन्नाले दफा ३ बमोजिम गठित प्रदेश बीउ बिजन समिति सम्झनु पर्छ।

(ण) “सूचित बीउ बिजन” भन्नाले दफा १३ बमोजिम तोकिएको बीउ बिजन सम्झनु पर्छ।

३. **प्रदेश बीउ बिजन समितिको गठनः** (१) प्रदेशमा बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र प्रदेश सरकारलाई बीउ बिजन सम्बन्धी विषयमा आवश्यक परामर्श दिन, गुणस्तर नियन्त्रण गर्न तथा संघीय ऐनले दिएका अन्य कार्य गर्न एक प्रदेश बीउ बिजन समितिको गठन हुनेछ।

(२) प्रदेश समितिमा देहायका अध्यक्ष तथा सदस्य रहनेछन् ।

(क) सचिव, कृषि तथा भूमि ब्यवस्था मन्त्रालय — अध्यक्ष

(ख) **महानिर्देशक,** कृषि विकास निर्देशनालय — सदस्य

(ग) **कृषि अनुसन्धान निर्देशक, लुम्बिनी प्रदेश** — सदस्य

(घ) महाशाखा प्रमुख, कृषि हेर्ने महाशाखा, मन्त्रालय — सदस्य

(ङ) **प्रमुख, कृषि सामग्री कम्पनी लिमिटेड, लुम्बिनी प्रदेश** — सदस्य

(च) मन्त्रालयद्वारा मनोनीत बागवानी, खाद्यान्न, घाँसबाली विज्ञानसँग सम्बन्धित विषेशज्ञ मध्ये कम्तीमा १ जना महिला सहित तीन जना सदस्य

(छ) बीज विशेषज्ञ (कम्तीमा सहप्रध्यापक), कृषि सम्बन्धित विश्वविद्यालय १ जना — सदस्य

(ज) मन्त्रालयद्वारा मनोनीत बीउ बिजन उद्यमीहरु मध्येबाट एकजना महिला सहित दुई जना — सदस्य

(झ) मन्त्रालयद्वारा मनोनीत बीउ बिजन उत्पादक र कृषकमध्ये कम्तीमा एकजना महिला सहित तीन जना — सदस्य

(ञ) प्रमुख, प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र — *सदस्य-सचिव*

(३) उपदफा २ खण्ड (च), (ज) र (झ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा अध्यक्षले निजहरुलाई जुनसुकै बखत सदस्यको मनोनयन खारेज गर्न सक्नेछ। यसरी पदबाट हटाउदा निजहरुलाई सफाईको मनासिव मौका दिनुपर्ने छ।

(४) प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(५) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (२) बमोजिम गठित समितिको सचिवालय बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रमा रहनेछ।

४. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य सचिवले बैठक बस्ने समय भन्दा अगावै बैठकको मिति, समय र स्थान सहित छलफल हुने विषयसूचीको सूचना सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ। तर गणपूरक सदस्यहरुको उपस्थितिका कारण बैठक स्थगित गरी पुनः बैठक बस्नुपर्ने भएमा उपस्थित संख्यालाई नै गणपूरक संख्या मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको उपस्थिति हुन नसक्ने बैठकको अध्यक्षता अध्यक्षले तोकेको सदस्यले गर्न बाधा पर्ने छैन।

(४) समितिको निर्णय बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) बीउ बिजन सम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक परामर्श दिने।

(ख) बीउ बिजन उत्पादन तथा वितरण कार्यमा संलग्न सरकारी निकाय, स्थानीय तह, संस्था, अन्य सरोकारवाला निकाय र निजी क्षेत्र बीच समन्वय गर्ने र प्रदेश सरकार र स्थानीय तह मातहतका निकायहरुलाई बीउ बिजनको गुणस्तर नियन्त्रण तथा मापदण्ड निर्धारणमा एकरुपता ल्याउने।

(ग) स्वदेशी बीउ बिजनको प्रयोगलाई प्राथमिकता दिने नीतिगत व्यवस्थाका लागि पहल गर्ने र बीउ बिजन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

(घ) प्रदेशभित्र उत्पादन वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमन गर्ने गराउने।

(ङ) बीउ बिजनको गुणस्तर निर्धारण तथा नियन्त्रण गर्ने गराउने।

(च) बालीको किसिम र जात सूचित गर्ने सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने।

(छ) स्थानीय बीउ बिजन व्यवस्थापन समितिले बीउ बिजन सम्बन्धमा परामर्श माग गरेमा आवश्यक परामर्श दिने।

(ज) परम्परागत रुपमा प्रयोग भइरहेका र लोपोन्मुख जातका बीउ बिजनको पहिचान गरी तिनको संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि आवश्यक प्राविधिक तथा नीतिगत कार्य गर्ने, गराउने।

(झ) बीउ बिजन सम्बन्धी सेवा शुल्कको सम्बन्धमा मन्त्रालयलाई परामर्श दिने।

(ञ) कसैले अनुमतिपत्र नलिई वा नवीकरण नगराई प्रयोगशाला सञ्चालन गरेको पाइएमा सोको अनुमतिपत्र खारेज गर्ने वा सञ्चालन कार्य बन्द गर्ने।

(ट) स्वदेशी वा विदेशी निकायहरूद्वारा निर्धारित बीउ बिजनको गुणस्तरलाई आवश्यकतानुसार अनुमोदन गर्ने।

(ठ) समितिको निर्णयहरु प्रादेशिक मन्त्रालय, कृषि विकास निर्देशनालय र प्रादेशिक बीउ बिजन परीक्षण प्रयोगशाला लगायत अन्य सम्बन्धित निकायमा पठाईनेछ,

(ड) प्रदेशभित्रका बीउ उत्पादकहरूको प्राविधिक परीक्षण (टेक्निकल अडिट) गर्ने वा गराउने,

(ढ) स्वदेशी र आयातीत बीउ बिजनमा अपनाइने गुणस्तर नियन्त्रण प्रक्रियामा एकरूपता ल्याउन नीतिगत व्यवस्थाका लागि पहल गर्ने,

(ण) बाली, जात अनुसार प्रदेशलाई आवश्यक पर्ने बीउ बिजनको प्रक्षेपण गर्ने र प्रजनन्, मूल र उन्नत बीउ बिजनहरूको वासलात तयार गर्ने/गराउने।

(त) बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको रूपमा काम गर्न अनुमति दिनको लागि परीक्षा संचालन गर्ने, गराउने र नियुक्ति गरी अनुमति दिने र सोको जानकारी राष्ट्रिय बीउ बिजन समितिमा पठाउने।

(थ) बीउ बिजन सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्ने।

६. **उपसमितिहरू गठन गर्न सक्नेः** (१) बीउ बिजनको उत्पादन, प्रशोधन, विक्री वितरण तथा नियमन गर्ने कार्यलाई सुचारू रूपले सञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनको लागि समितिले आवश्यकतानुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपसमितिहरूको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

७. **प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापनाः** बीउ बिजनको गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्न तथा समितिको सचिवालयको रुपमा काम गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना गर्न सक्नेछ।

८. **प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) समितिको सचिवालय रूपमा रही प्रदेशको बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणिकरण सम्बन्धी आवश्यक पूर्वाधारहरू तयार गरी समितिमा पेश गर्ने।

(ख) समितिद्वारा स्वीकृत तरिका, स्तर तथा मापदण्ड अनुसार बीउ बिजन प्रमाणित गरी आवश्यकता अनुसार प्रमाणपत्र दिने।

(ग) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले शर्त बमोजिम काम गरे नगरेको अनुगमन गर्ने।

(घ) बीउ व्यवसाय अनुमतिपत्रका लागि तालिम दिने, परीक्षा सञ्चालन गर्ने, बाली निरीक्षक वा बीउ विश्लेषकको परीक्षा तथा तालिम सञ्चालन गर्ने।

(ङ) प्रदेशको बीउ बिजन क्षेत्रको सुधारका लागि समितिमा सुझाव प्रदान गर्ने।

(च) प्रदेशको बीउ बिजन वासलात तयारी गर्ने तथा बीउ बिजन नियमन कार्य प्रभावकारी बनाउने।

(छ) बीउ बिजन प्रयोगशालाहरूको गुणस्तर सुधार, सेवा शुल्क निर्धारण र मापदण्ड तर्जुमा सहयोग गर्ने तथा अनुगमन तथा निरीक्षण गर्ने।

(ज) प्रदेशको बीउ बिजन क्षेत्रको विकासका लागि परियोजनाहरू सञ्चालन गर्ने, गराउने।

(झ) समितिले तोकेका अन्य कार्य गर्ने वा गराउने।

(२) केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तथा केन्द्रले बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण गर्दा अपनाउनु पर्ने विधि तोकिए बमोजिम हुनेछ ।

९. **बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापनाः** (१) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रादेशिक बीउ बिजन परीक्षण प्रयोगशालाहरूको स्थापना गर्न सक्नेछ र यस अघि स्थापना भएका प्रयोगशालाहरू यसै ऐन अनुसार भएको मानिनेछ।

(२) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि समितिले तोकेको मापदण्ड बमोजिम हुने गरी समितिको सिफारिसमा प्रदेश सरकार र स्थानीय तहले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(३) समितिबाट स्वीकृती लिई तोकिएको गुणस्तर र मापदण्ड बमोजिम हुने गरी अन्य कुनै व्यक्ति वा निजी संघ संस्थाले समेत प्रयोगशाला स्थापना गर्ने सक्नेछन्।

(४) कुनै व्यक्ति वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) प्राप्त निवेदन उपर छानबीन गरी उपयुक्त देखेमा तोकिए बमोजिमका शर्तको अधीनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमतिपत्र दिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि स्थापना भएका निजी क्षेत्रका प्रयोगशालाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र यस ऐन बमोजिम अनुमतिपत्र लिइसक्नु पर्नेछ र यो ऐन प्रारम्भ हुनु अघि स्थापित प्रयोगशालाको रेकर्ड राखि सञ्चालन अनुमतिपत्र दिइनेछ।

(७) यस ऐन बमोजिम स्थापना भएको प्रयोगशालाहरुको प्राविधिक रेखदेख र नियन्त्रण समितिबाट हुनेछ।

१०. **प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** (१) प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) दफा ९ बमोजिम स्थापना भएका प्रयोगशालाहरुले प्रत्येक वर्ष प्राविधिक परीक्षण (टेक्निकल अडिट) राष्ट्रिय बीउ बिजन समिति वा समितिबाट गराउनु पर्नेछ र निजी क्षेत्रमा स्थापना भएका प्रयोगशालाको प्राविधिक परीक्षण पश्चात् विश्लेषणका आधारमा अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

११. **सामुदायिक वा फिल्ड बीउ बिजन बैङ्क स्थापनाः** (१) स्थानीय तथा रैथाने बालीको बीउ बिजनमा कृषक अधिकार र खाद्य सम्प्रभुताको हक सुनिश्चितता गर्न, स्थानीय स्तरमा आवश्यक पर्ने विभिन्न बालीका गुणस्तरीय बीउ बिजन उपलब्ध गराउन र स्थानीय तथा रैथाने बालीको संरक्षण एवम् प्रवर्धन गर्न कृषक समूह वा सहकारीले सामुदायिक वा फिल्ड बीउ बिजन बैङ्क स्थापना गर्न सक्नेछन्।

(२) सामुदायिक वा फिल्ड बीउ बिजन बैङ्क स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **फार्म केन्द्र तथा टिस्युकल्चर प्रयोगशाला स्थापनाः** प्रदेशभित्र बीउ बिजन सहज उपलब्धता तथा स्रोत बीउ तथा बेर्नाको सुनिश्चितताका लागि विभिन्न बालीका फार्म केन्द्र वा स्रोत केन्द्र वा टिस्युकल्चर प्रयोगशाला वा प्रादेशिक बायोटेक प्रयोगशाला स्थापना गरिनेछ र फार्म केन्द्र वा स्रोत केन्द्र वा टिस्युकल्चर प्रयोगशाला वा प्रादेशिक बायोटेक प्रयोगशालाको स्थापना र सञ्चालन तोकिए बमोजिम हुनेछ।

१३. **बीउ बिजनको किसिम वा जात सूचित गर्ने अधिकारः** (१) प्रदेश सरकारले कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखेमा समितिको परामर्श लिई प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो किसिम वा जातको बीउ बिजनहरू सूचित बीउ बिजन भनी तोक्न सक्नेछ र त्यसरी तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जात समेत तोक्न सक्नेछ।

(२) प्रदेश अन्तर्गत उपयुक्त हुने बीउ बिजन सूचित गर्नका लागि तोकिएको मापदण्ड र प्रक्रिया पूरा गरी समितिले राष्ट्रिय बीउ बिजन समितिको राय लिनु पर्नेछ।

(३) वालीहरुका प्रकृति अनुसार जात सूचित गर्ने प्रकृया तोकिए बमोजिम फरक हुन सक्नेछ।

१४. **बीउ बिजन व्यवसाय अनुमतिपत्र लिनु पर्नेः** (१) केन्द्रले कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको विक्री वितरण सम्बन्धी कारोबार गर्न चाहने बीउ व्यवसायीहरूलाई बीउ बिजन व्यवसाय अनुमतिपत्रको तालिम सञ्चालन गर्नेछ र उक्त तालिममा पश्चात लिइने परीक्षामा बीउ बिजन व्यवसायी अनिवार्य रूपमा उतिर्ण हुनुपर्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको विक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए बमोजिमको ढाँचामा बीउ बिजन व्यवसाय अनुमतिपत्र लिनु पर्नेछ।

(३) कसैले उपदफा (२) बमोजिम अनुमति नलिई बीउ बिजन वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन बीउ बिजन निरीक्षकले जफत गर्नेछ र निरीक्षकको सिफारिसमा तोकिए बमोजिम कारबाही गरिनेछ।

१५. **सूचित नभएका बीउ बिजन विक्री वितरण गर्न नपाइनेः** (१) कृषि अनुसन्धान प्रयोजनको लागि बाहेक कसैले पनि यस ऐन बमोजिम सूचित नभएका बीउ बिजन विक्री वितरण गर्न पाइने छैन।

(२) कसैले उपदफा (१) बमोजिम सूचित नभएका बीउ बिजन वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१६. **जफत हुनेः** (१) यस ऐनको बर्खिलाप हुने गरी जातीय परीक्षण ,गुणस्तर परीक्षण ,आयात निर्यात, उत्पादन, प्रशोधन, ओसारपसार, भण्डारण, र बिक्री वितरण गरिएका बीउ बिजनहरु बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

(२) बीउ बिजनहरुको जफत तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **क्षतिपूर्ति दिनु पर्नेः** (१) कुनै व्यक्ति वा संस्थाले बिक्री बितरण गरेको बीउ बिजनको गुणस्तर वा सिफारिस क्षेत्र भन्दा बाहिर बिक्री वितरण गरेको वा गलत सूचनाको कारणले बाली उत्पादकलाई आर्थिक हानी नोक्सानी पुग्न गएमा तोकिएको मूल्यांकन समितिले गरेको मूल्यांकन र सिफारिसको आधारमा त्यस्तो बीउ बिजनको बिक्री बितरण गर्ने व्यक्ति वा संस्थाले बाली उत्पादकलाई क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम वा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **बीउ बिजनको न्यूनतम गुणस्तरको हद वा मापदण्ड तोक्न सक्नेः** प्रदेश मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित वा पञ्जिकृत बीउ बिजन मध्ये समितिको अनुमोदनमा राष्ट्रिय बीउ बिजन समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद वा मापदण्ड तोक्न सक्नेछ।

१९. **सूचित बीउ बिजनको बिक्री वितरणः** (१) सूचित बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु पर्नेछ।

(क) बीउ बिजनको किसिम र जात,

(ख) दफा १८ बमोजिम तोकिएको न्यूनतम गुणस्तरको हद,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिए बमोजिमका अन्य कुराहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले वा समितिले निर्धारण गरेको किसिम र जातको सूचित बीउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा विक्री वितरण गर्न वा गराउन पाइने छैन ।

२०. **सूचित बीउ बिजन निकासी वा पैठारी गर्न स्वीकृति लिनु पर्नेः** (१) कुनै किसिम वा जातको सूचित बीउ बिजन निकासी वा पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको दस्तुर र विवरण सहित निकासी वा पैठारी गर्न स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले आवश्यक मापदण्ड पूरा भएमा स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृति प्राप्त भएपश्चात सम्बन्धित व्यक्ति वा संस्थाले तोकिएको देश वा प्रदेशको खास क्षेत्रमा निकासी वा पैठारी गर्न सक्नेछ। केन्द्रले यसरी पैठारी गर्दा प्रादेशिक प्रयोगशालामा समेत बीउ बिजन परीक्षण गरी तोकिएको गुणस्तर भित्र रहेमा मात्र कारोबार गर्न अनुमति दिनेछ।

२१. **निकासी वा पैठारीमा रोक लगाउन सक्ने :** (१) प्रदेश भित्र मानव, पशुपन्छी, बिरुवा, वातावरण, संस्कृति र जनजीवनमा प्रतिकूल प्रभाव पुर्‍याउन सक्ने कुनै खास जातको बीउ बिजन वा अनुवंश परिवर्तित जीव (जेनेटिकल्ली मोडिफाईड अर्गानिजम) वा जीवित रुपमा रुपान्तरीत जीव (लिभिङ्ग मोडिफाईड

अर्गानिजम) वा वंश नपुंसक बीउ (टर्मिनेटर सिड) को निकासी वा पैठारी गर्न तोकिए बमोजिम जोखिम विश्लेषण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिम विश्लेषणको आधारमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्ता बीउ बिजनको निकासी पैठारी गर्न रोक लगाउन सक्नेछ।

२२. **उत्पादनको अनुमतिपत्र लिनुपर्नेः** (१) कुनै व्यक्ति वा संस्थाले मूल/श्रोत बीउ वा प्रमाणित बीउ/लेबल बीउ वा वर्णशंकर बीउ उत्पादन गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष र उन्नत बीउ उत्पादन गर्न जिल्ला स्थित कृषि हेर्ने कार्यालयमा निवेदन दिई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र लिनु पर्नेछ ।

(२) दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समिति वा जिल्ला स्थित कृषि हेर्ने कार्यालयले अध्ययन गरी स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृति प्राप्त भए पश्चात मात्र मूल/श्रोत बीउ वा प्रमाणित बीउ/लेबल बीउ वा उन्नत बीउ वा वर्णशंकर बीउ उत्पादन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम भएका कार्यहरुको विवरण वार्षिक रुपमा समितिमा पेश गर्नु पर्नेछ।

२३. **जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमतिपत्र लिनुपर्नेः** (१) कुनै व्यक्ति वा संस्थाले जातीय विकास तथा सम्वर्द्धन गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष निवेदन दिई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र लिनु पर्नेछ।

(२) दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले जाँचबुझ गरी स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्वीकृति प्राप्त भएपश्चात मात्र जातीय विकास तथा सम्बर्द्धन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम भएका कार्यहरुको विवरण बार्षिक रुपमा समितिमा पेश गर्नु पर्नेछ।

२४. **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्थाः** (१) समितिले आवश्यकता अनुसार तोकिएको योग्यता पुगेका प्रदेश सरकार र स्थानीय तहमा कार्यरत निजामती कृषि प्राविधिक कर्मचारीलाई बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक तोक्न सक्नेछ।

(२) समितिले आवश्यकता अनुसार तोकिएको योग्यता पुगेका र समितिबाट सञ्चालित परिक्षा उतीर्ण गरेका निजी क्षेत्रका व्यक्ति वा विज्ञलाई बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा उल्लेखित अवस्थामा बाहेक कसैले पनि यस ऐन बमोजिम अनुमतिपत्र नलिई बीउ बिजन निरीक्षण तथा बीउ बिजन विश्लेषण गर्न पाइने छैन ।

(४) उपदफा (२) बमोजिमको अनमुतिपत्र लिन चाहने तोकिए बमोजिमको योग्यता पुगेका सरकारी वा निजीस्तरका व्यक्तिले समितिबाट लिइने परीक्षा उत्तिर्ण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको परीक्षा उत्तिर्ण भएको व्यक्तिले बाली बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकका रूपमा व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गर्न तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा समितिले अनुमतिपत्र दिनेछ र यसरी दिइएको अनुमितपत्र दुई वर्ष सम्म बहाल रहनेछ।

(७) उपदफा (६) बमोजिम दिइएको अनुमतिपत्र तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

(८) उपदफा (१) र (२) बमोजिम बीउ बिजन निरीक्षक नियुक्ति गरेको जानकारी समितिले राष्ट्रिय बीउ बिजन समिति समक्ष जानकारी दिनुपर्नेछ।

(९) उपदफा (१) र (२) बमोजिम नियुक्त बीउ बिजन निरीक्षक र तीनको कार्य क्षेत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) यो ऐन प्रारम्भ हुनु अगावै अनुमति प्राप्त गरेका बाली निरीक्षकलाई समितिले बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकको रुपमा काम गर्न तोक्न सकिनेछ।

२५. **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः** (१) बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२६. **सेवा शुल्क लिन सक्नेः** (१) मन्त्रालयले यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा वापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सेवा शुल्क लिन सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिम कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

२७. **स्वामित्व कायम रहनेः** प्रदेशमा कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले परम्पराकाल देखि सामूहिक रुपमा प्रयोग र अवलम्बन गर्दै आएको स्थानीय बाली वा जात वा प्रजातिको बीउ बिजन त्यस्तो कृषक समूह वा कृषि सहकारी संस्थाको नाममा सामूहिक स्वामित्व हुने गरी प्रचलित कानून बमोजिम दर्ता गर्न सकिनेछ र त्यस्ता जातको छनौट र संरक्षणको हक समेत रहनेछ।

२८. **दण्ड सजायः** यस ऐन अनुसार भएका दण्ड सजाय सम्बन्धी व्यवस्था सङ्घीय बीउ बिजन ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

२९. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएका विषय यसै ऐन बमोजिम र अन्य विषय संघीय ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ।

३०. **अनुदानको व्यवस्थाः** अनुदानमा बीउ बिजन उपलब्ध गराउन सक्ने हिस्सा तोकिए बमोजिम हुनेछ।

३१. **सरकार वादी हुने :** यो ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

३२. **मुद्दा तहकिकात र दायरी :** (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन निरीक्षकको प्रतिवेदनको आधारमा मन्त्रालयले तोकेको अधिकारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भए पछि तोकिएको मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) यो ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

३३. **असल नियतले गरेको कामको बचाउ :** बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषक वा यस ऐन अन्तर्गत काम गर्ने अधिकार प्राप्त कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्यको पालन गर्दा असल नियतले गरेको काम कार्वाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन।

तर, कसैलाई अनावश्यक दु:ख, हैरानी वा झण्झट दिने नियतले काम गरेमा सम्बन्धित व्यक्ति त्यसको लागि जवाफदेही हुनेछ ।

३४. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३५. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेः** (१) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

३६. **खारेजः** लुम्बिनी प्रदेशको बीउ बिजन ऐन, २०७५ खारेज गरिएको छ र उक्त ऐन अनुसार गरिएका गतिविधिहरू यसै ऐन अनुसार भएको मानिनेछ।